# लोक सेवा आयोग

## केन्द्रीय कार्यालय, अनामनगर

### *सूचना तथा प्रकाशन शाखा*

### राजपत्रांकित तृतीय श्रेणी (अप्राविधिक) पदहरुको

### जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाको सूचना

**सूचना नं. २५८/०७६-७७** *प्रकाशित मिति : २०७६।८।२५*

जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाबाट पूर्ति गर्नुपर्ने देहायका पदहरुका लागि निजामती सेवा ऐन, २०४९ (चौथो संशोधन) को दफा २४ घ१क तथा कर्मचारी समायोजन ऐन, २०७५ को दफा १४ को उपदफा ४ बमोजिम सम्भाव्य उम्मेदवारहरुले लोक सेवा आयोगबाट निर्धारित दरखास्त फाराममा उल्लेखित विवरण खुलाई मिति २०७६/०९/२९ सम्ममा दरखास्त दिनुहुन सूचना गरिन्छ।

दरखास्त फाराम लोक सेवा आयोगको वेबसाइट www.psc.gov.np बाट डाउनलोड गर्न सकिनेछ। सम्बन्धित उम्मेदवारले एकप्रति दरखास्त फाराम स्पष्टसँग भरी दरखास्त पेश गर्ने अन्तिम मितिभित्र काठमाडौं उपत्यकाको हकमा दरखास्त व्यवस्थापन केन्द्र, अनामनगर र काठमाडौं उपत्यका बाहिरको हकमा आयोगका कार्यालयहरुमा दरखास्त बुझाई सक्नु पर्नेछ। म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारवाही गरिने छैन।

यसरी पर्न आएका दरखास्तहरु आयोगका कार्यालयहरुले दरखास्त व्यवस्थापन केन्द्र, अनामनगरमा पठाउनेछन् र दरखास्त व्यवस्थापन केन्द्रले बढुवा सूचना नम्बर अनुसार संकलन गरी एकमुष्ट रुपमा सम्बन्धित बढुवा समितिको सचिवालयमा पठाउने प्रवन्ध गर्नेछ।

**उम्मेदवारहरुले दरखास्त दिँदा ध्यान दिनुपर्ने विषयहरु**

(क) निजामती सेवा ऐन, २०४९ को दफा २१ बमोजिम बढुवाको लागि उम्मेदवार हुन चाहिने न्यूनतम सेवा अवधि पुगेको र शैक्षिक योग्यता हाँसिल गरेको हुनुपर्नेछ।
(ख) निजामती सेवा ऐन, २०४९ को दफा २२ बमोजिम बढुवाको लागि अयोग्य नभएको हुनुपर्नेछ।
(ग) निजामती सेवा नियमावली, २०५० को नियम ७६ वा नियम ८८ बमोजिम योग्यता पुरा भएको हनुपर्नेछ।
(घ) दरखास्त फाराम भर्दा निजामती किताबखानाबाट आफूले पाएको संकेत नम्बर अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ।
(ङ) समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।
(च) दरखास्तसाथ बढुवा हुने पदभन्दा एक श्रेणी मुनिको पदमा सम्बन्धित सेवा, समूह वा उपसमूहसँग सम्बन्धित विषयमा एक महिना वा सोभन्दा बढीको सेवाकालीन तालिमको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ।
(छ) दरखास्त फारामको सम्पूर्ण महलहरुमा उल्लेख भए बमोजिमका विवरणहरु स्पष्ट खुलाउनु पर्नेछ।
(ज) दरखास्त दस्तुर रु. १,०००/- (एक हजार) बुझाउनु पर्नेछ।

### विवरण

| क्र.सं. | बढुवा सूचना नं. | सेवा, समूह र श्रेणी | पद संख्या |
|---|---|---|---|
| १. | १४६/०७६-७७ | शाखा अधिकृत वा सो सरह, न्याय, न्याय, रा.प. तृतीय | ८५ (पचासी) |
| २. | १४७/०७६-७७ | शाखा अधिकृत वा सो सरह, न्याय, कानून, रा.प. तृतीय | १५ (पन्ध्र) |
| ३. | १४८/०७६-७७ | शाखा अधिकृत वा सो सरह, न्याय, सरकारी वकिल, रा.प. तृतीय | ८ (आठ) |
| ४. | १४९/०७६-७७ | शाखा अधिकृत वा सो सरह, परराष्ट्र, रा.प. तृतीय | १ (एक) |
| ५. | १५०/०७६-७७ | शाखा अधिकृत वा सो सरह, प्रशासन, सामान्य प्रशासन, रा.प. तृतीय | १६८ (एक सय अठसट्ठी) |
| ६. | १५१/०७६-७७ | लेखा अधिकृत, प्रशासन, लेखा, रा.प. तृतीय | ९ (नौ) |
| ७. | १५२/०७६-७७ | शाखा अधिकृत वा सो सरह, प्रशासन, राजस्व, रा.प. तृतीय | २० (बीस) |
| ८. | १५३/०७६-७७ | लेखापरीक्षण अधिकारी, लेखापरीक्षण, रा.प. तृतीय | १३ (तेह्र) |

## राजपत्रांकित तृतीय श्रेणी (अप्राविधिक), शाखा अधिकृत वा सो सरह पदको आ.प्र., खुला तथा समावेशी प्रतियोगितात्मक लिखित परीक्षाको विज्ञापन

**सूचना नं. २५९/०७६-७७**

निजामती सेवा तर्फका निम्न सेवा, समूह, उपसमूह तथा श्रेणीका पदहरुमा आ.प्र, खुला तथा समावेशी पदहरुमा प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिम योग्यता पुगेका उम्मेदवारहरुबाट दरखास्त आह्वान गरिन्छ। तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरुले आयोगको अनलाइन दरखास्त प्रणाली psconline.psc.gov.np मार्फत् आवेदन दिनुपर्नेछ।

**(क) राजपत्राङ्कित तृतीय श्रेणी न्याय सेवा अप्राविधिक**

| क्र.सं. | विज्ञापन नम्बर | किसिम/ समावेशी समूह | माग पद विवरण | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | सि.नं. | सेवा | समूह | पुनः विज्ञापन पद संख्या | माग पद संख्या | जम्मा माग पद संख्या |
| १. | १६६८६/०७६-७७ | खुला | क. | न्याय | न्याय | - | १०९ (एक सय नौ) | १०९ (एक सय नौ) |
| | | | ख. | न्याय | कानून | - | १९ (उन्नाइस) | १९ (उन्नाइस) |
| | | | ग. | न्याय | सरकारी वकिल | - | ८ (आठ) | ८ (आठ) |
| | | | जम्मा | | | | | १३६ (एक सय छत्तीस) |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २. | १६६८७/०७६-७७ | **महिला** | क. | न्याय | न्याय | - | २९ (उनन्तीस) | २९ (उनन्तीस) |
| | | | ख. | न्याय | कानून | - | ५ (पाँच) | ५ (पाँच) |
| | | | ग. | न्याय | सरकारी वकिल | - | ३ (तीन) | ३ (तीन) |
| | | | | | **जम्मा** | | | **३७ (सैंतीस)** |
| ३. | १६६८८/०७६-७७ | **आदिवासी/ जनजाती** | क. | न्याय | न्याय | - | २४ (चौबीस) | २४ (चौबीस) |
| | | | ख. | न्याय | कानून | - | ४ (चार) | ४ (चार) |
| | | | ग. | न्याय | सरकारी वकिल | - | २ (दुई) | २ (दुई) |
| | | | | | **जम्मा** | | | **३० (तीस)** |
| ४. | १६६८९/०७६-७७ | **मधेसी** | क. | न्याय | न्याय | ४ (चार) | २० (बीस) | २४ (चौबीस) |
| | | | ख. | न्याय | कानून | - | ४ (चार) | ४ (चार) |
| | | | ग. | न्याय | सरकारी वकिल | - | २ (दुई) | २ (दुई) |
| | | | | | **जम्मा** | | | **३० (तीस)** |
| ५. | १६६९०/०७६-७७ | **दलित** | क. | न्याय | न्याय | ३ (तीन) | ७ (सात) | १० (दश) |
| | | | ख. | न्याय | कानून | - | १ (एक) | १ (एक) |
| | | | | | **जम्मा** | | | **११ (एघार)** |
| ६. | १६६९१/०७६-७७ | **अपाङ्ग** | क. | न्याय | न्याय | - | ५ (पाँच) | ५ (पाँच) |
| | | | ख. | न्याय | कानून | - | १ (एक) | १ (एक) |
| | | | | | **जम्मा** | | | **६ (छ)** |
| ७. | १६६९२/०७६-७७ | **पिछडिएको क्षेत्र** | क. | न्याय | न्याय | - | ४ (चार) | ४ (चार) |
| | | | ख. | न्याय | सरकारी वकिल | - | १ (एक) | १ (एक) |
| | | | | | **जम्मा** | | | **५ (पाँच)** |

## (ख) राजपत्राङ्कित तृतीय श्रेणी (परराष्ट्र, प्रशासन, लेखापरीक्षण र व्यवस्थापिका संसद) संयुक्त र एकीकृत

| क्र.सं. | वि.नं. | किसिम/ समावेशी समूह | माग पद विवरण | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | सि.नं. | सेवा | समूह | पुनः विज्ञापन पद संख्या | माग पद संख्या | जम्मा माग पद संख्या |
| १. | १६६९३/०७६-७७ | **आ.प्र.** | क. | व्यवस्थापिका संसद | प्रशासन, सा.प्र. | - | ३ (तीन) | ३ (तीन) |
| २. | १६६९४/०७६-७७ | **खुला** | क. | परराष्ट्र | | - | २ (दुई) | २ (दुई) |
| | | | ख. | प्रशासन | सा.प्र. | - | २१६ (दुई सय सोह्र) | २१६ (दुई सय सोह्र) |
| | | | ग. | प्रशासन | लेखा | - | १२ (बाह्र) | १२ (बाह्र) |
| | | | घ. | प्रशासन | राजस्व | - | २७ (सत्ताइस) | २७ (सत्ताइस) |
| | | | ङ. | लेखापरीक्षण | - | - | १६ (सोह्र) | १६ (सोह्र) |
| | | | च. | व्यवस्थापिका संसद | प्रशासन, सा.प्र. | - | १० (दश) | १० (दश) |
| | | | | | **जम्मा** | | | **२८३ (दुई सय त्रियासी)** |
| ३. | १६६९५/०७६-७७ | **महिला** | क. | परराष्ट्र | | - | १ (एक) | १ (एक) |
| | | | ख. | प्रशासन | सा.प्र. | - | ५८ (अन्ठाउन्न) | ५८ (अन्ठाउन्न) |
| | | | ग. | प्रशासन | लेखा | - | ३ (तीन) | ३ (तीन) |
| | | | घ. | प्रशासन | राजस्व | - | ८ (आठ) | ८ (आठ) |
| | | | ङ. | लेखापरीक्षण | - | - | ४ (चार) | ४ (चार) |
| | | | च. | व्यवस्थापिका संसद | प्रशासन, सा.प्र. | - | ३ (तीन) | ३ (तीन) |
| | | | | | **जम्मा** | | | **७७ (सतहत्तर)** |
| ४. | १६६९६/०७६-७७ | **आदिवासी/ जनजाती** | क. | प्रशासन | सा.प्र. | - | ४८ (अठचालीस) | ४८ (अठचालीस) |
| | | | ख. | प्रशासन | लेखा | - | २ (दुई) | २ (दुई) |
| | | | ग. | प्रशासन | राजस्व | - | ५ (पाँच) | ५ (पाँच) |
| | | | घ. | लेखापरीक्षण | - | - | ४ (चार) | ४ (चार) |
| | | | ङ. | व्यवस्थापिका संसद | प्रशासन, सा.प्र. | - | २ (दुई) | २ (दुई) |
| | | | | | **जम्मा** | | | **६१ (एकसट्ठी)** |
| ५. | १६६९७/०७६-७७ | **मधेसी** | क. | प्रशासन | सा.प्र. | - | ३९ (उनन्चालीस) | ३९ (उनन्चालीस) |
| | | | ख. | प्रशासन | लेखा | - | २ (दुई) | २ (दुई) |
| | | | ग. | प्रशासन | राजस्व | - | ५ (पाँच) | ५ (पाँच) |
| | | | घ. | लेखापरीक्षण | - | - | ३ (तीन) | ३ (तीन) |
| | | | ङ. | व्यवस्थापिका संसद | प्रशासन, सा.प्र. | - | २ (दुई) | २ (दुई) |
| | | | | | **जम्मा** | | | **५१ (एकाउन्न)** |

| क.सं. | वि.नं. | किसिम/ समावेशी समूह | माग पद विवरण | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | सि.नं. | सेवा | समूह | पुन: विज्ञापन पद संख्या | माग पद संख्या | जम्मा माग पद संख्या |
| ६. | १६६९८/०७६-७७ | **दलित** | क. | प्रशासन | सा.प्र. | – | १५ (पन्ध्र) | १५ (पन्ध्र) |
| | | | ख. | प्रशासन | लेखा | – | १ (एक) | १ (एक) |
| | | | ग. | प्रशासन | राजस्व | – | २ (दुई) | २ (दुई) |
| | | | घ. | लेखापरीक्षण | - | – | १ (एक) | १ (एक) |
| | | | ङ. | व्यवस्थापिका संसद | प्रशासन, सा.प्र. | – | १ (एक) | १ (एक) |
| | | | **जम्मा** | | | | | **२० (बीस)** |
| ७. | १६६९९/०७६-७७ | **अपाङ्ग** | क. | प्रशासन | सा.प्र. | – | ९ (नौ) | ९ (नौ) |
| | | | ख. | प्रशासन | राजस्व | – | १ (एक) | १ (एक) |
| | | | ग. | व्यवस्थापिका संसद | प्रशासन, सा.प्र. | – | १ (एक) | १ (एक) |
| | | | **जम्मा** | | | | | **११ (एघार)** |
| ८. | १६७००/०७६-७७ | **पिछडिएको क्षेत्र** | क. | प्रशासन | सा.प्र. | – | ७ (सात) | ७ (सात) |
| | | | ख. | प्रशासन | लेखा | – | १ (एक) | १ (एक) |
| | | | ग. | प्रशासन | राजस्व | – | १ (एक) | १ (एक) |
| | | | घ. | लेखापरीक्षण | - | – | १ (एक) | १ (एक) |
| | | | **जम्मा** | | | | | **१० (दश)** |

## लिखित परीक्षा कार्यक्रम

### क) न्याय सेवा (खुला तथा समावेशी)

| पत्र | विषय | परीक्षा मिति | समय |
|---|---|---|---|
| प्रथम पत्र | शासन प्रणाली | २०७६/१२/१७ | दिनको २.०० बजे |
| द्वितीय पत्र | समसामयिक विषय | २०७६/१२/१८ | दिनको २.०० बजे |
| तृतीय पत्र | समसामयिक कानून तथा अभ्यास | २०७६/१२/१९ | दिनको २.०० बजे |

### ख) व्यवस्थापिका संसद सेवा (आ.प्र.)

| पत्र | विषय | परीक्षा मिति | समय |
|---|---|---|---|
| प्रथम पत्र | सार्वजनिक प्रशासन र व्यवस्थापन | २०७६।१२।२० गते | दिनको २.०० बजे |
| द्वितीय पत्र | सेवा, समूह सम्बन्धी | २०७६।१२।२१ गते | दिनको २.०० बजे |

### ग) संयुक्त र एकीकृत (परराष्ट्र, प्रशासन, लेखापरीक्षण र व्यवस्थापिका संसद सेवा) खुला तथा समावेशी

| चरण/ पत्र | विषय | परीक्षा मिति | समय |
|---|---|---|---|
| **प्रथम चरण : (सबै सेवाको लागि)** | प्रशासनिक अभिरुची परीक्षण | २०७६।१०।२५ गते | दिनको ११.०० बजे |
| **द्वितीय चरण :** *(प्रथम चरणको परीक्षामा उत्तीर्ण भएका उम्मेदवारहरु मात्र द्वितीय चरणको परीक्षामा सम्मिलित हुन पाउनेछन्)* | | | |
| द्वितीय पत्र **(सबै सेवा समूहको लागि)** | शासन प्रणाली | २०७६।१२।२२ गते | दिनको २.०० बजे |
| तृतीय पत्र **(सबै सेवा समूहको लागि)** | समसामयिक विषय | २०७६।१२।२३ गते | दिनको २.०० बजे |
| चतुर्थ पत्र **(प्रशासन, लेखापरीक्षण र व्यवस्थापिका संसद सेवाका लागि मात्र)** | सेवा समूह सम्बन्धी | २०७६।१२।२४ गते | दिनको २.०० बजे |
| **अतिरिक्त पत्र (परराष्ट्र सेवाका लागि मात्र)** | अंग्रेजी भाषा (**Extra Paper I**) | २०७६।१२।२५ गते | दिनको २.०० बजे |
| | नीति तथा अन्तर्राष्ट्रिय सम्बन्ध (**Extra Paper II**) | २०७६।१२।२६ गते | दिनको २.०० बजे |

**परीक्षाको किसिम:-** लिखित, सीप परीक्षण, सामूहिक परीक्षण र अन्तर्वार्ता ।

**परीक्षा केन्द्रः-**
- प्रथम चरण : आयोगको सबै कार्यालयहरु ।
- द्वितीय चरण : आयोगका धनकुटा, जलेश्वर, काठमाडौं, पोखरा, बुटवल, सुर्खेत र दिपायल कार्यालयहरुबाट तोकिए बमोजिम ।

**दरखास्त दस्तुरः-** प्रत्येक विज्ञापनका लागि दरखास्त दस्तुर रु. १,०००।- (एक हजार) बुझाउनु पर्नेछ । एकै सेवा/समूह/उपसमूहको पदका समावेशी समूहतर्फका थप विज्ञापनमा आवेदन दिने उम्मेदवारको हकमा थप समूह प्रत्येकका लागि रु. ४००।- (चार सय) थप दस्तुर बुझाउनु पर्नेछ ।

**दरखास्त दिने अन्तिम मिति :** २०७६/९/१५ र दोब्बर दस्तुर तिरी २०७६/९/२२ सम्म ।

**उम्मेदवारको उमेरको हद :**
- निजामती सेवा तर्फका पदहरुको हकमा २०७६/९/१५ सम्म २१ वर्ष उमेर पुरा भै ३५ वर्ष ननाघेको र महिला तथा अपाङ्ग उम्मेदवारहरुको हकमा ४० वर्ष ननाघेको ।
- बहालवाला स्थायी निजामती कर्मचारीको हकमा उमेरको हद लाग्ने छैन ।

**दरखास्त दस्तुर बुझाउने विधि र स्थान :** **अनलाइन मार्फत दरखास्त दस्तुर बुझाउने विधि :**

आयोगको अनलाईन दरखास्त प्रणालीबाट फर्म submit गरेपछि Payment Tab को view applied advertisement मा Click गरी आफूले Apply गरेको list मा रहेको "तिर्नुहोस्" link मा Click गर्ने । त्यसपछि देखिने शर्त मञ्जुर गर्ने Check Box मा Tick लगाइ Online Payment button मा Click गरेपछि देखिने भौचरसँग रहेको Connect IPS Radio button मा Click गरी "रकम भुक्तानी गर्नुहोस्" बटनमा click गर्ने । त्यसपछि आउने स्क्रिनबाट Connect IPS प्रणालीमा login गरी आफ्नो बैंक खाता छानी सोझै दस्तुर बुझाउन सकिनेछ । Connect IPS को सेवा प्रयोग गर्नु पूर्व एक पटक www.connectips.com मा गई Sign Up गर्नका साथै उक्त प्रणालीसँग जोडिएका बैंकहरुमध्ये आफ्नो खाता रहेको बैकको खातालाई link गरी सो बैंकबाट verify गराइएको हुनुपर्नेछ ।

**<u>बैंक मार्फत नगद दरखास्त दस्तुर बुझाउने विधि :</u>**

आयोगको अनलाईन दरखास्त प्रणालीबाट फर्म submit गरेपछि Payment Tab को view applied advertisement मा Click गरी आफूले Apply गरेको list मा रहेको "तिर्नुहोस्" Link मा Click गर्ने । त्यसपछि देखिने शर्त मञ्जुर गर्ने Check Box मा Tick लगाइ **राष्ट्रिय वाणिज्य बैंक/ग्लोबल आई.एम.ई. बैंक/एन.आइ.सी. एशिया बैंक** मध्ये आफूलाई पायक पर्ने कुनै एक बैंकमा क्लिक गर्नु पर्नेछ। सो पश्चात् देखिने भौचरको तल पट्टी रहेको शर्त मञ्जुर गर्ने check box मा Tick लगाइ activate हुने print button मा click गरी भौचर Print गरेर उक्त बैंकको नजिकको शाखामा गई भौचर पेश गरी रकम बुझाउन सकिन्छ। उक्त भौचर विना बैंकहरुले नगद नबुझ्ने भएकोले अनिवार्य रुपमा भौचर प्रिन्ट गरी साथै लिइ जानुपर्नेछ। उल्लेखित बैङ्कहरुका नेपाल भरिका सबै शाखाहरुबाट नगद बुझाउन सकिने छ।

**दरखास्त दस्तुर बुझाउने अवधि :-** अनलाइन माध्यमबाट दरखास्त पेश गरिसकेपछि उम्मेदवारले प्राप्त गरेको Master ID र कारोबार संकेत नम्बर उल्लेख भएको भौचर सहित ढिलोमा दोब्बर दस्तुर तिरी <u>दरखास्त दिन पाउने अन्तिम मितिको भोलिपल्ट कार्यालय समय भित्र</u> (उक्त दिन सार्वजनिक बिदा पर्न गएमा सो पछि कार्यालय खुलेको पहिलो दिन) तोकिएको परीक्षा दस्तुर/दोब्बर दस्तुर अनिवार्य रुपमा बुझाइ सक्नुपर्नेछ।

**अपलोड गर्नुपर्ने कागजातहरु :** **उम्मेदवारले शैक्षिक योग्यता, तालिम, अनुभव, व्यवसाय अनुमति प्रमाणपत्र, समावेशी समूह खुल्ने कागजात लगायत सम्बन्धित विज्ञापनमा तोकिएका कागजपत्र अनलाईन दरखास्त प्रणालीको तोकिएको स्थानमा** PDF Format मा **अपलोड गर्नु पर्नेछ। सबै उम्मेदवारले आफ्नो नागरिकताको प्रमाणपत्रको अगाडिको भाग स्क्यान गरी** JPG Format मा **अपलोड गर्नु पर्नेछ। दरखास्तमा उल्लेख गरेको विवरणका सम्बन्धमा उम्मेदवार स्वयं पूर्ण जवाफदेही हुनुपर्नेछ।**

**अन्तर्वार्ता अधिका परीक्षा कार्यक्रम र अन्तर्वार्ता हुने मितिः-** लिखित परीक्षाको नतिजा प्रकाशित हुँदा सूचना गरिनेछ।

**पदमा रही गर्नुपर्ने कामको विवरणः-** सेवा, समूह सम्बन्धी।

**तलबः-** प्रचलित कानून बमोजिम।

**सेवा सम्बन्धी मन्त्रालयः-** सेवा, समूह, उपसमूहको प्रशासन सञ्चालन गर्न तोकिएका सम्बन्धित मन्त्रालय।

## आवश्यक न्यूनतम योग्यता

निजामती सेवा ऐन, २०४९ को दफा १० बमोजिम अयोग्य नभएको हुनुका साथै निजामती सेवा नियमावली, २०५० को नियम १५ बमोजिम तोकिएका देहाय अनुसारको न्यूनतम शैक्षिक योग्यता प्राप्त गरेको हुनु पर्नेछ।

(१) **नेपाल परराष्ट्र सेवा तथा नेपाल प्रशासन सेवा (राजस्व र सामान्य प्रशासन समूह) को लागि :** मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक तह वा सो सरह उत्तीर्ण भएको।

(२) **नेपाल प्रशासन सेवा, लेखा समूहको लागि :** मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, वाणिज्यशास्त्र वा व्यापार प्रशासनमा स्नातक तह वा अर्थशास्त्र, गणित, तथ्याङ्कशास्त्र वा जनप्रशासनमध्ये कुनै एक मूल विषय लिई स्नातक तह वा सो सरह उत्तीर्ण भएको।

(३) **नेपाल न्याय सेवा (न्याय, कानून, सरकारी वकिल समूह) को लागि :** मान्यता प्राप्त शिक्षण संस्थाबाट कानूनमा स्नातक तह उत्तीर्ण भएको।

(४) **नेपाल लेखापरीक्षण सेवाको लागि :** मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यापार प्रशासन वा वाणिज्य शास्त्र विषयमा स्नातक वा चार्टर्ड एकाउण्टेन्सी वा सो सरहको परीक्षा उत्तीर्ण भएको।

(५) **व्यवस्थापिका-संसद सेवा, प्रशासन, सामान्य प्रशासन समूहको लागि**

व्यवस्थापिका-संसद सचिवालय सम्बन्धी ऐन, २०६४ को दफा २० बमोजिम अयोग्य नभएको हुनुका साथै देहाय अनुसारको न्यूनतम शैक्षिक योग्यता प्राप्त गरेको हुनुपर्नेछ।

**क) आन्तरिक प्रतियोगिता :** सेवा, समूहमा बढुवा हुने पदभन्दा एक श्रेणी मुनिको पदमा कार्यरत रही पाँच वर्ष न्यूनतम सेवा अवधि पूरा गरेको र एक श्रेणी मुनिका पदका लागि तोकिएको शैक्षिक उपाधि हासिल गरेको। तर समावेशी समूहको हकमा सेवा अवधि एक वर्ष कम भएको भए पनि हुने।

**ख) खुला प्रतियोगिता :** मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक तह उत्तीर्ण गरेको।

## उम्मेदवारले पेश गर्नुपर्ने थप कागजात तथा अनुभव सम्बन्धमा विशेष निर्देशन

समावेशी समूहतर्फ तथा खुलातर्फका पदहरुमा दरखास्त दिन चाहने उम्मेदवारहरुले दरखास्त दिने समयमा देहाय अनुसारका कागजातहरु तयार गरी दरखास्त दिनुपर्नेछ। लिखित परीक्षाको नतिजाबाट अन्तर्वार्ताको लागि छनौट भएपछि अन्तर्वार्ता दिन आउँदा त्यस्ता कागजातहरुको सक्कल सहित आफैंले प्रमाणित गरेको नक्कल समेत साथमा लिई आउनु पर्नेछ। उल्लेखित कागजातहरु दरखास्त दिने समयमा नै उम्मेदवारसँग रहेको नभएमा जुनसकै समय दरखास्त रद्द हुन सक्नेछ।

**अ) समावेशी समूहतर्फ दरखास्त दिने उम्मेदवारहरुको लागि आवश्यक पर्ने थप कागजातहरु**

(क) <u>आदिवासी/जनजातिका हकमा :</u> नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा,
तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात।

(ख) <u>मधेसीका हकमा :</u> नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेसी भनी प्रमाणित गरेको कागजात,
तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट मधेसी भनी प्रमाणित गराएको कागजात।

(ग) <u>दलितका हकमा :</u> राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा,
तर, राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात।

(घ) <u>अपाङ्गका हकमा</u> : स्वीकृत चिकित्सकको सिफारिशमा समाज कल्याण परिषद्/सम्बन्धित स्थानीय तहबाट अपाङ्गता प्रमाणित गरेको परिचयपत्र,

(ङ) <u>पिछडिएको क्षेत्रका हकमा :</u> निजामती सेवा ऐन, २०४९ को दफा ७ को उपदफा (७) तथा व्यवस्थापिका-संसद सचिवालय सम्बन्धी ऐन, २०६४ को दफा १७ को स्पष्टिकरण खण्डको (१) मा उल्लेख भएका जिल्लामा स्थायी बसोबास उल्लेख गरी सम्बन्धित जिल्लाबाट प्राप्त गरिएको नागरिकताको प्रमाणपत्र तथा सम्बन्धित स्थानीय तहबाट हाल सोही स्थानमा स्थायी बसोबास भएको भनी प्रमाणित गरेको कागजात दरखास्त फारम भर्ने दिन भन्दा ३ महिना अगाडी सम्मको सिफारिशको आधारमा।

स्थायी बसोबास भएको जिल्ला बाहेक अन्यत्र जिल्लाबाट नागरिकता लिएको भएमा सो गर्नुपर्नाको कारण उल्लेख भएको पत्र नागरिकता जारी गर्ने जिल्ला प्रशासन कार्यालयबाट लिएको, निजामती सेवा ऐन, २०४९ को दफा ७ को उपदफा (७) तथा व्यवस्थापिका-संसद सचिवालय सम्बन्धी ऐन, २०६४ को दफा १७ को स्पष्टिकरण खण्डको (१) मा उल्लेख भएको जिल्लामा विवाह गरी वा बसाइँसराइ गरी गएको भएमा विवाहको हकमा विवाह दर्ता प्रमाणपत्र र बसाइँसराइको हकमा छाडेको र गएको स्थानीय तह/निकायको बसाइँसराइ गरेको खुल्ने कागजात।

**द्रष्टव्य**

(क) अनुभवको अवधि आवश्यक पर्ने उम्मेदवारहरुको हकमा सम्बन्धित पदको लागि तोकिएको दरखास्त दिन पाउने अन्तिम मितिसम्ममा न्यूनतम सेवा अवधि पूरा भएको हुनु पर्नेछ। दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, अनुभव अवधि र अन्य योग्यताको प्रयोजनको लागि गणना गरिने छैन।

(ख) कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम समायोजन हुनपूर्व अधिकृत स्तरको पदमा कार्यरत निजामती कर्मचारी यस विज्ञापनमा उम्मेदवार हुन पाउने छैनन्।

(ग) आयोगद्वारा तोकिएको म्यादभित्र पेश नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन।

(घ) सहयोगी लेखक माग गर्ने उम्मेदवारले लिखित परीक्षा शुरु हुनु भन्दा कम्तीमा ७ (सात) दिन अगावै आयोगको सम्बन्धित कार्यालयमा सम्पर्क राख्नु पर्नेछ। अन्यथा सहयोगी लेखक उपलब्ध गराउन आयोग बाध्य हुने छैन।

(ङ) लिखित परीक्षामा उत्तीर्ण हुने उम्मेदवारले अन्तर्वार्ता दिनु भन्दा अगाडी शैक्षिक योग्यताको प्रमाणपत्र, नागरिकता, सेवाको अनुभव आवश्यक पर्नेमा सम्बन्धित कार्यालय प्रमुखबाट प्रमाणित गराएको सक्कल प्रति तथा समावेशी एवं खुलातर्फ दरखास्त दिने उम्मेदवारको लागि पेश गर्नुपर्ने भनि उल्लेख गरिएका कागजातहरुको सक्कलका साथै नक्कल प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।

(च) दरखास्त दिने अन्तिम मितिभित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनु पर्नेछ। विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरुले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्दछ।

(छ) परीक्षामा परीक्षार्थीले अनिवार्य रुपमा कालो मसीको मात्र प्रयोग गर्नुपर्नेछ अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ।

(ज) पाठ्यक्रम आयोगको वेबसाइट www.psc.gov.np बाट प्राप्त गर्न सकिने छ।